# कर्मचारी आवश्यकता

## (प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१४)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रिय स्तर कार्यक्षेत्र भएको यस **सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.** पोखराका लागि तपशिल बमोजिमका पदहरुमा पदपुर्ति गर्नुपर्ने भएकाले ईच्छुक योग्य आवेदकहरुबाट विज्ञापन प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा तोकिएको ठेगानामा आईपुग्ने गरी दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| १ | १२/०८१/०८२ | सहायक प्रबन्धक (प्रशासन विभाग प्रमुख) | व्यवस्थापकीय श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ६ वर्षको कार्य अनुभव तथा एक तह मुनिको पदमा कम्तिमा ३ वर्ष कार्य गरेको । र मानविकि तथा शिक्षा संकाय ( आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ । प्रशासन विभाग प्रमुख भई कार्य गरेकोलाई विशेष प्राथमिकता दिइनेछ । |
| २ | १३/०८१/०८२ | सहायक प्रवन्धक (तालिम विभाग प्रमुख) | व्यवस्थापकीय श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा ६ वर्षको कार्य अनुभव तथा एक तह मुनिको पदमा कम्तीमा ३ वर्ष कार्य गरेको । र मानविकि तथा शिक्षा संकाय ( आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा |

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| | | | | | अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ । स्वदेश तथा विदेशका विभिन्न्न तालिमहरुमा भाग लिई प्रशिक्षक/प्रशिक्षणको तालिम प्राप्त गरी विभागिय प्रमुखको रुपमा कार्य गरेको व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ । |
| ३ | १४/०८१/०८२ | सहायक प्रवन्धक (कर्जा लगानी विभाग प्रमुख) | व्यवस्थापकीय श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा ६ वर्षको कार्य अनुभव तथा एक तह मुनिको पदमा कम्तीमा ३ वर्ष कार्य गरेको । र मानविकि तथा शिक्षा संकाय ( आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ। कर्जा विश्लेषण तथा कर्जा लगानी सम्वन्धि अनुभव रही विभागिय प्रमुखको रुपमा कार्य गरेको व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ । |
| ४ | १५/०८१/०८२ | अधिकृत (प्रदेश/कलष्टर/शाखा प्रमुख) | अधिकृत श्रेणी | ५ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ६ वर्षको कार्य अनुभव भएको तथा एक तह मुनिको पदमा कम्तिमा २ |

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| | | | | | वर्ष कार्य गरेको र मानविकी तथा शिक्षा शंकाय (आर्टस र एडुकेशन) अध्यायन गरेको भएमा अर्थशाास्त्र विषय अनिवार्य हुनु पर्ने । |
| ५ | १६/२०८१/०८२ | कनिष्ठ अधिकृत (शाखा प्रमुख) | अधिकृत श्रेणी | २० | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको तथा एक तह मुनिको पदमा कम्तिमा २ वर्षको कार्य अनुभव भएको र मानविकी तथा शिक्षा शंकाय (आर्टस र एडुकेशन) अध्यायन गरेको भएमा अर्थशाास्त्र विषय अनिवार्य हुनु पर्ने । |
| ६ | १७/२०८१/०८२ | वरिष्ठ सहायक (शाखा प्रमुख ) | सहायक श्रेणी | १८ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक तह उत्तीर्ण गरी कम्तिमा १ वर्षको कार्यानुभव वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी एक तह मुनिको पदमा ३ वर्षको अनुभव वा एस.एल.सी/एस.ई.ई. उत्तिर्ण गरी एक तह मुनिको पदमा ५ वर्षको कार्यानुभव भएको र मानविकी तथा शिक्षा शंकाय (आर्टस र एडुकेशन) अध्यायन गरेको भएमा अर्थशाास्त्र विषय अनिवार्य हुनु पर्ने । |
| ७ | १८/२०८१/०८२ | कनिष्ठ सहायक | सहायक श्रेणी | १५ | मान्यता प्राप्त विश्व विद्यालयबाट व्यवस्थापन वा अर्थशास्त्र विषयमा |

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| | | | | | प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी लघुवित्तमा १ वर्षको कार्यानुभव भएको हुनु पर्ने वा एस.एल.सी/एस.ई.ई. उत्तिर्ण गरी कनिष्ठ सहायक प्रशिक्षार्थी/ करारमा कम्तिमा २ वर्षको कार्यानुभव भएको हुनु पर्ने । |
| ८ | १९/२०८१/०८२ | कनिष्ठ सहायक प्रशिक्षार्थी | सहायक श्रेणी | २० | मान्यता प्राप्त विश्व विद्यालयबाट प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको तथा मानविकी तथा शिक्षा शंकाय (आर्टस र एडुकेशन) अध्यायन गरेको भएमा अर्थशाास्त्र र गणित विषय अनिवार्य हुनुपर्ने । |

**(क) उमेरको हद :** व्यवस्थापकीय श्रेणीका लागि आवेदन दिने मितिसम्म २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको, अधिकृत श्रेणीका लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको र सहायक श्रेणीका लागि १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तर व्यवस्थापकिय श्रेणी बाहेकका पदमा महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हद ५ वर्ष थप हुनेछ ।

**(ख) छनौट प्रक्रिया :** छनौट सुचीमा परेका आवेदकहरु मध्ये व्यवस्थापकीय श्रेणीको पदपुर्ति कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताको माध्यमबाट गरिने छ भने अधिकृत र सहायक श्रेणीको पदपुर्ति लिखित तथा अन्तर्वार्ता परिक्षाको माध्यमबाट गरिनेछ । विज्ञापन न.०८ अर्न्तगत छनौट भएका उम्मेदवारहरुलाई ६ महिना प्रशिक्षण र प्रशिक्षणमा सफल उम्मेदवारहरुलाई मात्र कार्यसम्पादनका आधारमा परीक्षणकालमा नियुक्ती गरिनेछ । परीक्षणकालमा नियुक्त कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक भएमा मात्र स्थायी नियुक्ति दिईने छ ।

**(ग) आवेदन दस्तुर :** व्यवस्थापकीय श्रेणीका लागि रु.३,०००।-, अधिकृत श्रेणीका लागि रु.१५००।- र सहायक श्रेणीका लागि रु.५००।- आवेदन शुल्क लाग्नेछ । तोकिएको शुल्क अनलाईन आवेदन मार्फत इसेवा (eSewa) वा खल्ती (Khalti) बाट जम्मा गर्नुपर्नेछ ।

**(घ) आवेदन पठाउँदा :** सम्वन्धित आवेदकको निवेदन, आफुले काम गर्न चाहेको पद, उमेर, कार्य अनुभव, हालसालै खिचेको पासपोर्ट साईजको फोटो, सम्वन्धित पदका लागि तोकिएको शैक्षिक योग्यता, आफुलाई राम्रोसंग चिन्ने कुनै दुई जना व्यक्तिको नाम, सम्पर्क नं. लगाएतका विवरणहरु उल्लेख गरिएको Bio-

Data , नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता तथा अनुभव प्रमाणित हुने प्रतिलिपी PDF फाईल संलग्न गर्नुपर्नेछ ।

(ङ) **काम गर्नुपर्ने कार्यालय :** छनौट भएका उम्मेदवारहरुले वित्तीय संस्थाले खटाएको जुनसुकै कार्यालयमा रहि काम गर्नुपर्नेछ । शाखा कार्यालयमा काम गर्ने कर्मचारीहरुको हकमा नियुक्ति दिदा सम्भव भएसम्म आवेदकको घर ठेगाना भएको प्रदेशलाई पहिलो प्राथमिकता दिनेछ ।

**च) प्राथमिकता :** कम्प्यूटर सम्वन्धि ज्ञान भएका, व्यक्तिगत सवारी साधन तथा सवारी चालक अनुमती पत्र भएका, प्रदेश नं १,३,४ र ५ का आवेदकहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

**(छ) तलव भत्ता तथा अन्य सुविधाहरुः** वित्तीय संस्थाको नियमानुसार हुनेछ ।

**(ज) योग्यता सम्वन्धमा थप प्रष्टयाई :** मानविकि तथा शिक्षा संकाय (आर्टस र एजुकेशन) अध्ययन गरेका उम्मेदवारहरुले अर्थशास्त्र विषय अनिवार्य अध्ययन गरेको हुनुपर्नेछ ।

**(झ) आवेदन दिनका लागि : अफिसियल लिंक https://jobs.cycnlbsl.org.np प्रयोग गरी तोकिए बमोजिमको प्रकृया गर्नुपर्नेछ ।**

**नोट :** रितपूर्वक प्राप्त दरखास्तहरु मध्येबाट छनौट सुची (Short List) मा परेका आवेदकहरुलाई मात्र लिखित, कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि सम्पर्क गरिने छ। आवेदकहरुको सुविधा लाई दृष्टिगत गरी आवेदन संख्याको आधारमा यस वित्तीय संस्थाका प्रदेशस्तरका कार्यालयहरुवाट कर्मचारी छनौट प्रकृया संचालन गर्न पनि सकिनेछ। कर्मचारी छनौट सम्वन्धि सम्पूर्ण अधिकार वित्तीय संस्थामा अन्तरनिहीत रहनेछ ।

**पदपुर्ति समिति**
**सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, पोखरा**
**महानगरपालिका, वडा नं.-८,कास्की**

**फोन नं. ०६१५९०८९४/५९०८९५** Email ID: Info@cycnlbsl.org.np, website: www.cycnlbsl.org.np ,
**वववववववववववव**